Regd. No. 89414/068/069

# C&K Associates

*International Legal Consultants Group*

Trade Tower, 5th Floor, Thapathali, Kathmandu, Nepal

Tel/Fax : 977-1-5111034

मिति: २०८३/०२/११

श्रीमान् बलराम खतिवडाज्यू
महासचिव
स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल

बिषय : कानूनी राय उपलब्ध गराइएको सम्बन्धमा

**पृष्ठभूमी:**

इप्पानको मिति २०८० साल जेष्ठ ३२ गते २१ औ वार्षिक साधारण सभामा सहभागी संस्थाका सदस्यहरुको माग बमोजिम संस्थाको मौजुदा विधान संशोधन र पुनर्लेखन गर्न संस्थाका सल्लाहकार श्री भानु भक्त पोखरेलको संयोजकत्वमा अधिवक्ता होम कान्त चौलागाइ, इप्पानका प्रतिनिधि १ जना र २ जना विज्ञ मनोनयन गर्ने गरी विधान संशोधन तथा पुनलेखन मस्यौदा समिति गठन गर्ने निर्णय भएको थियो । उक्त साधारण सभाको निर्णय बमोजिम संयोजकको प्रस्तावमा मिति २०८०/०५/०४ गते श्री डा. संदीप शाह तथा श्री सुमन प्रसाद शर्मालाई समितिको विज्ञ सदस्यहरुमा मनोनयन गरिएको थियो भने श्री राम प्रसाद आचार्यलाई इप्पानको प्रतिनिधिको रुपमा तोकिएको थियो । मिति २०८२ साल असार २९ गते विधान संशोधन र पुनर्लेखन समितिद्धारा इप्पानसँग सम्बन्धित सरोकारवालाहरुसँग विभिन्न चरणमा लिखित तथा मौखिक राय सुझाब प्राप्त गरी विधान संशोधनको मस्यौदा तयार पारिएको र सो सम्बन्धमा अन्तिम पटक कार्यसमितिका अध्यक्ष, पदाधिकारीहरु, सल्लाहकारहरु, पूर्व अध्यक्षहरु, विज्ञ सल्लाहकारहरु तथा अन्य विज्ञहरु र मूख्य सरोकारवालाहरुसँग समेत छलफल एवं परामर्श गरेर प्राप्त सुझावहरु समेतलाई समावेश गरी मस्यौदालाई अन्तिम रुप दिई उक्त विधान संशोधनको मस्यौदा साथै इप्पानलाई समग्र उर्जा क्षेत्रको

प्रतिनिधित्व गर्ने छाता संघठन (महासंघ) को स्वरुपमा ६ महिना भित्रमा रुपान्तरण गरी १ वर्ष भित्रमा नयाँ बन्ने महासंघको निर्वाचन सम्पन्न गर्ने राय सिफारिस सहितको प्रतिवेन दिईएको थियो ।

सो सिफारिस बमोजिम मिति २०८२ साल असार ३१ गतेको साधारण सभाले महासंघ रुपान्तरणका लागि सबै प्रकृया अघि बढाउनका लागि इप्पानका अध्यक्ष गणेश कार्कीलाई जिम्मा दिएको थियो । निज अध्यक्ष सहित बरिष्ठ उपाध्यक्ष तथा महासचिवको समिति गठन भई महासंघमा रुपान्तरणको विषयमा कानून व्यवसायी सहितको छलफल तथा अध्यनबाट तत्काल महासंघमा जान नसकिने भन्ने निश्कर्ष आएकोले इप्पानको मिति २०८३ साल बैशाख ४ गते बसेको कार्य समिति बैठकले मिति २०८३ साल जेष्ठ २९ गते २४ औं साधारण सभा एवं आठौ अधिवेशन आयोजना गर्ने निर्णय समेत गरेको देखिन्छ । उक्त मितिमा साधारण सभा तथा अधिवेशन गर्नु गैह्र कानूनी हुने भनी निबेदन समेत परेको रहेछ। मिति २०८३/०२/०९ मा अन्पूर्ण पोष्टमा २४ औ वार्षिक साधारण सभा मिति २०८३ जेष्ठ २९ गते वस्ने गरी सार्वजनिक सूचना प्रकाशित भएको रहेछ ।

**इप्पानबाट माग भएको कानूनी राय:**

**१. २०८३ बैशाख ४ गते बसेको कार्यसमिति बैठकले सामय भित्रै साधारण सभा एवं अधिवेशन गर्ने गरी समय तोकिसकेको अवस्थामा २३ औ साधारण सभाले पाएको जिम्मेवारी अनुसार अध्यक्ष गणेश कार्कीले महासंघ बन्न नसक्ने जानकारी गराई तोकिएकै समयमा साधारण सभा गर्नका लागि कुनै कानूनी अड्चन हुन्छ कि हुदैन ?**

**२. गत आर्थिक वर्ष २०८१/०८२ मा इप्पान नविकरण नभएको, २३ औ वार्षिक साधारण सभाको निर्णय जिल्ला प्रशान कार्यालयमा पेश नगरिएकोले यो वर्ष पनि समयमा नै साधारण सभा भएर २०८३ असार भित्रै नविकरण नभएमा इप्पान अघि वढाउनका लागि के के असर पर्न सक्छ?**

**३. २३ औ साधारण सभाबाट इप्पानलाई महासंघमा परिणत गर्ने निर्णय जिल्ला प्रशासन कार्यालयमा समय घर्किएको कारण नपठाइएको अर्थात अभिलेखिकरण नभएकोले महासंघमा परिणत गर्ने निर्णयको कानूनी हैसियत के हुन्छ?**

**४. इप्पान अध्यक्ष स्वयमले नै महासंघ असम्भव भएकाले समयमा नै अधिवेशनका लागि प्रस्ताव गर्नुभएकोले २४ औ साधारण सभा समयमा नै गर्नका लागि कुनै कानूनी बाधा अड्चन पर्दछ कि पर्दैन ?**

त्यहाँ इप्पानबाट कानूनी रायको लागि प्राप्त भएको मिति २०८३/०२/०८ गतेको पत्रमा सोधनी भएका उल्लेखित विषयहरुको सम्बन्धमा देहाय बमोजिमको कानूनी राय पेश गरेको छु :

१. प्रथमतः २०८३ बैशाख ४ गते बसेको कार्यसमिति बैठकले सामय भित्रै साधारण सभा एवं अधिवेशन गर्ने गरी समय तोकिसकेको अवस्थामा २३ औ साधारण सभाले पाएको जिम्मेवारी अनुसार अध्यक्ष गणेश कार्कीले इप्पानका विरिष्ठ उपाध्यक्ष मोहन कुमार डाँगी र महासचिव बलराम खतिवडा सहितको उपसमिति गठन गरेर कानून व्यवसायीहरु समेतसँग पटक पटक छलफल एवं परामर्श गरी इप्पानलाई महासंघमा परिणत गर्न नसकिने भएकोले इप्पानको साधारण सभा एवं अधिवेशन मिति २०८३ जेष्ठ २९ गते गर्ने गरी इप्पान कार्यसमितिको बैठकबाट अनुमोदन भई सूचना समेत प्रकाशित भएको र इप्पानको २३औ वार्षिक साधारण सभाबाट विधान संशोधन तथा पुर्नलेखन गठित समितिको प्रतिबेदन बमोजिम जिल्ला प्रशासन कार्यालय र सम्बन्धित निकायबाट हालसम्म महासंघमा परिणत गर्ने कानूनी प्रकृया शुरुवात नभएकोले इप्पानको कार्यसमितिको निर्णय बमोजिम इप्पानको मौजुदा विधानको धारा १३ बमोजिम साधारण सभाको बैठक वर्षमा एक पटक कार्यासमितिले तोकेको मिति, सयम र स्थानमा बस्नुपर्ने व्यवस्था रहेकोले सो बमोजिम वार्षिक साधारण सभा तथा अधिवेन गर्नुपर्ने देखिन्छ। इप्पानको विधानको धारा १२(२) बमोजिम इप्पानको नितिगत निर्णय गर्ने, मौजुदा विधान संशोधन एवं परिमार्जन गर्ने सर्वोच्च अंग साधारण सभा हुने भएकोले पूर्व साधारण सभाबाट भएका निर्णयहरुमा परिमार्जन गर्ने वा यथावत कार्यान्वयन गर्ने भन्नेमा समेत २४ औ वार्षिक साधारण सभाले निर्णय गर्न सक्ने देखिएकोले साधारण सभा गर्नका लागि कुनै कानूनी अड्चन देखिदैन।

२. जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको संस्थाको हकमा प्रत्येक वर्ष वार्षिक साधारण सभाको निणय सहित तोकिएका कागजात संलग्न गरी संस्थाको नविकरण गर्नुपर्नेमा मिति २०८२ साल असार ३१ गते अर्थात आर्थिक वर्षको अन्तिम दिनमा साधारण सभा सम्पन्न भएकोले २३ औ साधारण सभाको निर्णयहरु, अडिट रिपोर्ट तथा आवश्यक अन्य कागजात सो आर्थिक वर्ष भित्रै बुझाउन नसकिएकोमा २४ औं साधारण सभा सम्पन्न भए पश्चात दुई साधारण सभाको निर्णय र आवश्यक कागजात सहित जिल्ला प्रशासन कार्यालयमा पेश गरी तोकिएको जोरिवाना बुझाई संस्था नविरण गर्न सकिने व्यवस्था संस्था दर्ता ऐन,

२०३४ मा कानूनी व्यवस्था छ। अतः आर्थिक वर्ष २०८१/०८२ मा संस्था नविकरण नभएता पनि २४ औ साधारण सभा गर संस्था नविरण एवं अध्यावधिक गर्न सकिने देखिन्छ।

३. इप्पानको २३ औ साधारण सभाबाट इप्पानलाई महासंघमा परिणत गर्ने निर्णय भई सकेको तर सो निर्णय जिल्ला प्रशासन कार्यालयमा नबुझाएकोका कारण सो निर्णयको हैसियतको हकमा कुनै कानूनी अड्चन सृजना हुन्छ वा हुदैन भन्ने सम्बन्धमा कुनै पनि संस्थाको निर्णय गर्ने सर्वोच्च अंग साधारण सभा हुने र सो साधारण सभाबाट पारित भएका निर्णयहरु कार्यान्वयन गराउने जिम्मेवारी संस्थाका पदाधिकारी तथा कार्यसमितिमा निहित रहने हुन्छ। साधारण सभाका कुनै निर्णय कार्यान्वयन गर्न नसकिएका आधार र कारण सहित त्यस पछि सम्पन्न हुने साधारण सभामा पेश गरी सो साधारण सभाको निर्णय संशोधन गर्ने, परिमार्जन गर्ने वा पुरानै वार्षिक साधारण सभाको निर्णय यथावत रुपमा कार्यान्वयन गर्ने सम्बन्धि निणर्य गर्ने अधिकार पछिल्लो साधारण सभालाई हुने भएकोले महासंघमा परिणत गर्ने वा नगर्ने भन्ने सम्बन्धमा संस्थाले आहवान गरेको २४ साधारण सभाले निर्क्योल गर्नुपर्ने देखिन्छ।

४. इप्पान अध्यक्ष स्वयमले नै महासंघ असम्भव भएको भनी कार्य समितिको २०० औ नियमिति बैठकमा पेश गरी सो प्रस्तावलाई कार्यसमिति बैठकले स्विकार गरी निर्णय समेत गरी इप्पानको २४ औ साधारण सभा गर्नका लागि कुनै कानूनी बाधा अड्चन पर्ने देखिदैन।

होम कान्त चौलागाइ

अधिवक्ता